पूर्वाञ्चल विश्वविद्यालय
परीक्षा व्यवस्थापन कार्यालय
विराटनगर, नेपाल ।

☎ : ४६४३३९ (Ext.109)
इमेलः puoemgt@puexam.edu.np

मेडिकल/प.सं./च.नं.
६२५/०२०/०२९

मितिः २०८१।०२।१३ गते ।

**श्री क्याम्पस/ कलेज/ स्कूल प्रमुखज्यू,**
**B.Pharmacy/BPH अध्यापन गराउने सम्पूर्ण क्याम्पस/कलेज/स्कूलहरू**

**विषयः परीक्षा आवेदन फाराम भराई पठाई दिने बारे ।**

उपरोक्त सम्बन्धमा पूर्वाञ्चल विश्वविद्यालयद्धारा **२०८१ ( सन् २०२४)** सालमा सञ्चालन हुने **चिकित्साशास्त्र** संकाय अन्तर्गत स्नातक तह ४ बर्षे **Bachelor of Pharmacy/Bachelor of Public Health** शैक्षिक कार्यक्रमको **चौथो सेमेस्टर आंशिक** तर्फका त्यस क्याम्पस/कलेज/स्कूलमा अध्ययनरत विद्यार्थीहरूलाई **२०८१।०२।२२** गते सम्म **परीक्षा आवेदन फारम भराई मिति २०८१।०२।२३ गते नियमानुसारको परीक्षा शुल्क यस कार्यालयको नबिल बैंक लि.को खाता नम्बर 00710017518402 मा जम्मा गरी सो को सक्कलै भौचर र परीक्षा आवेदन फारम मिति २०८१।०२।२४ गते** सम्ममा पू.वि.परीक्षा व्यवस्थापन कार्यालय,विराटनगरमा उपलब्ध गराई दिनुहुन जानकारी गराइएको छ । तोकिएको म्याद भित्र परीक्षा आवेदन फारम भर्न छुट भएका विद्यार्थीहरुलाई तपसिल बमोजिमको **विलम्ब शुल्क** सहित परीक्षा आवेदन फाराम भराई पू.वि. परीक्षा व्यवस्थापन कार्यालय विराटनगरमा पठाउनु पर्नेछ । त्यसपछि प्राप्त भएका परीक्षा आवेदन फारम उपर कुनै कारवाही नगरिने व्यहोरा जानकारी गराउदै सम्बन्धित परीक्षार्थीहरुलाई भराउनु पर्ने परीक्षा आवेदन फारम थान ........यसै पत्रसाथ संलग्न गरी पठाइएको छ ।

***परीक्षा आवेदन फारम भराउँदा तपसिल बमोजिमको निर्देशनहरु अनिवार्य रुपमा पालन गर्न/गराउन अनुरोध छ ।***

**तपसिल**

१. परीक्षा आवेदन फारम पठाउदा शैक्षिक सत्र (Batch) अनुसार, अंग्रेजीको बर्णानुक्रमअनुसार Ascending order मा फारम मिलाई विषयगत विवरण फारम तयार गरी फाईलिङ्ग गरी पठाउनु पर्ने छ ।
२.परीक्षा आवेदन फारममा रहेको तीन वटा फोटो मध्ये पहिलो फोटोमा सम्बन्धित क्याम्पस/कलेजका क्याम्पस प्रमुख/प्राचार्यले फोटो र फारममा पर्ने गरी दस्तखत गरी प्रमाणित गर्नुपर्नेछ । अन्य दुईवटा फोटोमा यस कार्यालयबाट प्रमाणित गरिनेछ ।
३.परीक्षा आवेदन फारममा लिखित तथा प्रयोगात्मक दुवै वा प्रयोगात्मक परीक्षा मात्र हुने विषयहरु समेत स्पष्ट रुपमा उल्लेख गर्नुपर्ने छ । प्रयोगात्मक विषयमा मात्र अनुतिर्ण विद्यार्थीले समेत अनिवार्य रुपमा परीक्षा आवेदन फारम भर्नुपर्नेछ ।
४.कुनै परीक्षार्थीले परीक्षा आवेदन फारममा कुनै विषय उल्लेख गर्न छुट गरेमा निजलाई त्यस विषयको परीक्षामा सामेल गराइने छैन र परीक्षा आवेदन फारममा विषय गलत लेखी पठाएमा विषय सच्याउन प्रतिविषय रू ५००।- लाग्नेछ ।
**५.परीक्षा शुल्क देहाय बमोजिम हुनेछः-**

| विवरण | शुल्क |
|---|---|
| **१. आँशिक (परीक्षा शुल्क) (२०२१ समूह देखि)** | रू २,०००।०० |
| **२. आंशिक १ विषय (परीक्षा शुल्क) (२०१९ समूह सम्मका विद्यार्थीहरुलाई)** | रू ५००।०० |
| **३. आंशिक २ विषय सम्म (२०१९ समूह सम्मका विद्यार्थीहरुलाई)** | रू ८००।०० |
| **४. आंशिक २ विषय भन्दा बढि (२०१९ समूह सम्मका विद्यार्थीहरुलाई)** | रू ११००।०० |
| ५. विलम्ब शुल्क (तोकिएको म्याद समाप्त भएको मितिले ७ दिन भित्र) | रू १,०००।०० |
| ६. विलम्ब शुल्क (तोकिएको म्याद समाप्त भएको मितिले १० दिन सम्म) | रू २,०००।०० |
| ७. विलम्ब शुल्क (परीक्षा शुरु हुनुभन्दा ५ दिन अगाडि सम्म) | रू ३,०००।०० |
| | |

***नोटः- विलम्ब शुल्कको २ र ३ नं. बमोजिम उपरोक्त शैक्षिक कार्यक्रम अनुसार पहिलो दिन सुरु हुने परीक्षालाई परीक्षा सुरु भएको दिन मानिने छ ।***

परीक्षा नियन्त्रक